# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ६ गते ०८ साल

## भाग ७

## स्वास्थ्यमन्त्रालयको सूचना

०८।११।२

यहाँ ०८ साल फाल्गुन ७ गते प्रजातन्त्रोत्सवको उपलक्षमा स्वास्थ्य
विभागतर्फबाट सदर मिलिटरी अस्पतालमा एक उत्सव समारोह हुने भएको छ
र सोही शुभअवसरमा श्रीमाननीय स्वास्थ्य तथा राज्यमन्त्रीज्यूको अध्यक्षतामा
एडभाइजरी मेडिकल बोर्ड—सल्लाकार चिकित्सक समितिको स्थापना पनि हुने
भएको छ । आशा गरिएको छ-औषधिको उपचार तथा यसको लागि चाहिने व्यव-
स्थाबारे बराबर छलफल गरी राष्ट्रिय स्वास्थ्य सुधार्नेतिर सरकारको ठोस कदम
बढाउनमा यो सल्लाहकार समितिले निकै ठूलो मद्दत पुर्‍याउने छ । यो स्थापना हुने
सल्लाहकार चिकित्सक समितिमा रहने जम्मा ७ जना सदस्यहरूमा चेयरमेन स्वा-
स्थ्यम न्त्रालयका सेक्रेटरी अथवा उनको अनुपस्थितिमा डिपुटी सेक्रेटरी हुने ,
दुइ जना डाक्टरहरू छानिने, एकजना डाक्टर मन्त्रालयबाट नियुक्त हुने एकजना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कविराज छानिने; एकजना कविराज मन्त्रालयबाट नियुक्त हुने र होमियोप्याथिक डाक्टर १ पनि मन्त्रालयबाट नियुक्त हुने भएको हुनाले सबै सरकारिया नोकरीमा रहनुभएका डाक्टर कविराज होमियोप्याथिक डाक्टरहरूलाई यो सूचनाद्वारा जनाउ दिइन्छ कि सो दिन मिलिटरी अस्पतालमा दिउसो ३ बजे उक्त समारोहमा र साथसाथै सो सल्लाहकार समिति स्थापना हुन बस्ने सभामा पनि भाग लिनुहोला ।

## सिंहदरबार वैद्यखानाको औषधी बारे स्वास्थ्यमन्त्रालयको सूचना

सिंहदरबार वैद्यखानामा बनी तयार रहेका औषधीहरू बारे वैद्यखानाको पुनर्निर्माण गर्नुपरेको र त्यहाँको बम्बे तहबीलको पनि जाँच गर्नुपर्ने भएकोले औषधी बाँड्ने काम स्थगित गरिएको थियो। सो वैद्यखानाका औषधीहरू मुफ्तमा बाँडिने गरिएमा कालान्तरमा सो वैद्यखानासमेत नै लोप भएर जाने र सो मुफ्तमा बाँड्नालाई त्यस किसिमको जगेडा फण्ड ( कोष ) नभएकोले सरकारी धनबाट बनेको अमूल्य तथा जहाँतहीं बन्न नसक्ने औषधीहरूबाट हुने फायदाबाट सर्वसाधारण जनतासमेत वञ्चित हुने भएकोले सो वैद्यखानाको पुनर्निर्माण गरी त्यहाँबाट बनेका औषधीहरू बिक्री विभाग खोली औषधीहरूको दरकार परेका सर्वसाधारणलाई बिक्री गर्ने गर्नलाई चाहिने खर्चको निकासाको निमित्त मन्त्रिमण्डलको बैठकमा यस मन्त्रालयबाट प्रस्ताव पेश भएकोमा सो बैठकबाट चाहिने खर्चको निकासालाई आदेशसमेत भएकोले सबैलाई थाहा होस् भन्नाका निमित्त सूचित गरिन्छ कि सोबमोजिम वैद्यखानाको पुनर्निर्माण भई बिक्रीविभागको यथोचित प्रबन्ध नभएसम्मलाई साँच्चिकै दरकार पर्ने मानिसलाई जाँची बुझी सरकारिया दरमा त्यहाँ तयार रहेका औषधीहरू बिक्री गर्ने प्रबन्ध गरिएको छ, मुफ्तमा बाँडिनेछैन।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।